म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक ९६ शनिबार २५ कात्तिक २०८० ने. सं. ११४३ कौलागा 11 November 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## राप्तीरोड र संगमचोकमा तिहार बजार

साझाकुरा संवाददाता

हेटौंडा, २४ कात्तिक/ हेटौंडाको राप्तीरोड र संगमचोकमा तिहार लक्षित बजार सञ्चालनमा आएको छ । तिहारको समयमा हुने भिडभाडलाई मध्यनजर गर्दै हेटौंडा उपमहानगरपालिकाले तिहार बिशेष बजार सञ्चालनका लागि स्थान तोकेको हो ।

तिहारको समयका लागि व्यवसायीहरुलाई यो स्थानमा बजार सञ्चालन गर्न अनुमति दिएको उपमहानगरका प्रवक्ता सविन न्यौपानले जानकारी दिए । गत वर्ष हेटौंडा अस्पताल बाहिरको खाली जग्गामा तिहार बजार सञ्चालन हुँदै आएकोमा यो वर्षबाट भने संगमचोकमा बजार सञ्चालन गर्न अनुमति दिइएको प्रवक्ता न्यौपानेले जानकारी दिए ।

स्थान तोकेर नै बजार सञ्चालन गर्न दिएको भन्दै व्यवसायीहरु खुशी भएका छन् । आगामी दिनमा पनि उपमहानगरले फुटपाटमा व्यवसाय गर्नेहरुलाई थप व्यवस्थित बनाउनुपर्ने व्यवसायीहरुले बताएका छन् । तिहार लक्षित बजारमा उपमहानगरले जिल्ला प्रहरी कार्यालयसँगको समन्वयमा सुरक्षाको प्रबन्ध पनि गरेको छ ।

# सञ्चालनको अन्तिम तयारीमा हेटौंडाको धुलो दूध कारखाना

साझाकुरा संवाददाता

हेटौंडा, २४ कात्तिक/ हेटौंडामा तीनवर्ष लगाएर निर्माण गरिएको धुलो दूध तथा बटर उत्पादन गर्ने कारखाना संचालनको तयारी अवस्थामा पुगेको छ । किसानले उत्पादन गरेको दूध बिक्रीमा समस्या आउन नदिनका लागि स्थापना भएसँगै सञ्चालनको अन्तिम तयारीमा पुगेको हो ।

हेटौंडा-१० स्थित सिसौघारीमा २ बिगाहा जग्गामा बागमती प्रदेश सरकारले कारखाना निर्माण गरेको हो । प्रदेश सरकारको कृषि तथा पशुपंक्षी विकास मन्त्रालयअन्तर्गत रहेको प्रदेश दुग्ध विकास बोर्डको ४७ करोड रुपैयाँको लगानीमा धुलो दूध कारखाना स्थापना गरिएको हो । एक वर्षभित्र सम्पन्न गर्नेगरी इजी इन्फ्रा प्रालिसँग २०७७ पुस १ गते ४१ करोड २२ लाख ७१ हजार रुपैयाँमा ठेक्का सम्झौता गरिएता पनि कोरोना महामारी र अन्य विविध कारणले तीन पटक म्याद थप गरी कारखाना तयार गरिएको हो ।



सुरुमा ४१ करोड २२ लाख रुपैयाँ अनुमान गरिएता पनि पछि काम बढेकाले कारखानाको लागत ४७ करोड पुगेको प्रदेश दुग्ध विकास बोर्डका उपाध्यक्ष टीकाबल्लभ सापकोटाले जानकारी दिए । कारखाना दैनिक ६० हजार लिटर दूध खपत गर्ने क्षमताको रहेको छ । नियमित रुपमा सञ्चालनमा आएमा प्लान्टबाट प्रतिदिन ५ मेट्रिकटन र प्रतिवर्ष एक हजार पाँच सय मेट्रिकटन धुलो दूध उत्पादन हुने अनुमान गरिएको प्रदेश दुग्ध विकास बोर्डका उपाध्यक्ष सापकोटाले बताए ।

धुलो दूध कारखाना निर्माण अन्तिम चरणमा रहँदा पनि यो कारखाना कसरी सञ्चालन गर्ने ? र जनशक्ति व्यवस्थापन र अन्य व्यवस्थापन कसरी गर्ने भन्ने बिषयमा निर्क्यौल भने भइसकेको छैन । संचालन मोडालिटी तयार नभएकोले तत्काल संचालनमा आउने सम्भावना नरहेको बताइएको छ । जाडो महिनामा दूध उत्पादनमा कमी आउने भएकोले पनि तत्कालै पाउडर प्लान्टका लागि आवश्यक दूध आपूर्ति हुने सम्भावना ज्यादै न्यून रहेको किसानहरुले बताएका छन् ।

आवश्यक भौतिक निर्माण र उपकरण जडान सकिएसँगै कारखानामा परीक्षण उत्पादन सुरु गरिएको ठेकेदार कम्पनीले जानकारी दिएको छ । भौतिक निर्माण र जडानको काम सबै सकिएको तथा मेसिनहरुमा पानी राखेर परीक्षण गरिरहेको निर्माण कम्पनी इजी इन्फ्रा प्रालिका म्यानेजर उत्तम पौडेलले बताए । पानी, ग्यास र हावा राखेर पालैपालो परीक्षण गरी सफल भएपछि दूध हालेर धुलो दूध र बटर उत्पादन सुरु हुने उनले बताए । कारखाना तत्काललाई डीडीसी मातहत सञ्चालन गर्नेगरी छलफल भइरहेको छ ।

दुग्धपदार्थमा नेपाल आत्मनिर्भर भएपनि भारतीय कम्पनीका दुग्ध पाउडर अनधिकृत रुपमा आयात भइरहेको किसानहरुले बताएका छन् । दूध उत्पादनको हिसावले ड्राई सिजनमा धुलो पाउडर मिसाएर दूध आपूर्ति गर्ने गरिएको छ । नेपालमा उत्पादन भएको पाउडर दूधको बजार खोजी गर्दै निजी डेरी संचालकहरु केही समय अघि बंगलादेश पुगेका थिए । तर, बंगलादेशले युरोपियन मुलुकबाट नेपालमा उत्पादन भएको रमक भन्दा सस्तोमा उपभोग गरिरहेको थाहा पाएपछि नेपालका डेरी संचालकहरु निराश भएर फर्किएका थिए ।

प्लान्ट पूर्णरुपमा निर्माण सम्पन्न भई सरकारलाई हस्तान्तरण गरिने बताइएको छ । प्लान्टमा वागमती प्रदेशसँगै अन्य चार प्रदेशका किसानले उत्पादन गरेको दूध ल्याएर पाउडर बनाउनका लागि सहज हुने बताइएको छ । प्रदेश १, मधेस प्रदेश र गण्डकी प्रदेशका केही जिल्लासहित बागमती प्रदेशका किसानले उत्पादन गरेको दूध खपत गरी पाउडर बनाउने मन्त्रालयको योजना छ ।

प्लान्ट सञ्चालन पश्चात् चार प्रदेशका करिब २२ हजार पशुपालक परिवार लाभान्वित हुने मन्त्रालयको अनुमान छ । कृषकहरुबाट दैनिक ६० हजार लिटर दूध खरिद गरिने जनाइएको छ । कृषकले उत्पादन गरेको दूधबाट दैनिक पाँच मेट्रिकटन पाउडर दूध उत्पादन र प्याकिङ गर्ने लक्ष्य रहेको छ । उद्योगबाट निस्कने फोहर सबै ट्रिटमेन्ट गरेर मात्र खोलामा छाडिने भएको छ । बागमती प्रदेश सरकारले प्रदेशलाई दूध र माछामासुमा आत्मनिर्भर बनाउन विभिन्न कार्यक्रम अघि सारेको थियो ।

मन्त्रालयका अनुसार प्लान्ट सञ्चालन भएपछि प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा ८० जनाले रोजगारी पाउने छन् । प्लान्ट सञ्चालनका लागि आवश्यक प्राविधिक कर्मचारी तथा अन्य अप्राविधिक कर्मचारीले रोजगारी पाउने मन्त्रालयले जनाएको छ । राप्तीकिनारमा स्थापना गरिएको उद्योगसँगै पशुआहारा उत्पादन गर्ने क्याटल फिड इण्डस्ट्रिज पनि सरकारी स्वामित्वको उद्योग हो ।

चक्लेट क्याटवरी उद्योग स्थापना, बाच्छी श्रोतकेन्द्र स्थापना, बिपन्नलाई गाइभैंसीपालनमा निर्ब्याजी ऋण प्रबाह लगायतका कार्यक्रम प्रदेश सरकारले अघि सारेको थियो । कृषि क्षेत्रलाई प्राथमिकतामा राखिएको भन्दै कृषि क्षेत्रका अभियन्ताहरुले सकारात्मक मानेका थिए । दूध उत्पादन गर्ने किसानलाई २ रुपैयाँ अनुदान कार्यक्रमले किसान यसतर्फ थप आकर्षित भएका छन् ।

# सामाजिक सुरक्षामा आबद्ध हुन भीमफेदीले माग्यो आवेदन

साझाकुरा संवाददाता



हेटौंडा, २४ कात्तिक/ भीमफेदी गाउँपालिकाले अनौपचारिक क्षेत्रमा कार्यरत श्रमिक तथा स्वरोजगार रहेका व्यक्तिहरुलाई सामाजिक सुरक्षा कोषमा आबद्ध हुन आवेदन माग गरेको छ ।

गाउँपालिकाभित्र स्थायी बसोबास गर्ने अनौपचारिक क्षेत्रका श्रमिक र स्वरोजगार व्यक्तिको लागि योगदानमा आधारित सामाजिक सुरक्षा योजना सञ्चालन हुन गइरहेकाले सहभागी हुन सूचनामार्फत आह्वान गरेको हो । गाउँपालिका अध्यक्ष हिदम लामाका अनुसार यस योजनामा सहभागी हुन इच्छुक श्रमिकले सम्बन्धित वडा कार्यालयमा आवश्यक कागजातसहित सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र आवेदन दर्ता गर्न सक्नेछन् ।

आर्थिक वर्ष २०८०/८१ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार यस योजनामा अनौपचारिक क्षेत्रमा कार्यरत श्रमिक तथा स्वरोजगार रहेका व्यक्तिलाई डकर्मी, सिकमी, लोड अनलोड, गिट्टी बालुवा चाल्ने, ढुंगा फुटाएर जीबिका चलाउने, गाडी चालक, सहचालक, अप्रेटर, कृषि श्रमिक, ज्यामी लगायत अन्य श्रमिक, तथा स्वरोजगार व्यक्तिहरु यस योजनामा सहभागी हुनसक्ने पालिका अध्यक्ष लामाले बताए ।

अध्यक्ष लामाले गाउँपालिकाको साझेदारी लगानीमा सामाजिक सुरक्षा कोषमा सहभागी भई आफ्नो भविष्य सुरक्षित गर्नका लागि पालिकाभित्र अनौपचारिक क्षेत्रमा कार्यरत व्यक्तिलाई आग्रह गरेका छन् । यस योजनामा आबद्ध हुन चाहने अनौपचारिक क्षेत्रका श्रमिकहरुले सम्पर्क नम्बरसहितको हस्तलिखित आवेदन, नेपाली नागरिकताको प्रतिलिपि, पासपोर्ट साइजको फोटो २ प्रति, सम्बन्धित वडा कार्यालयले निज अनौपचारिक क्षेत्रमा कार्यरत श्रमिक रहेको भनि गरेको सिफारिसपत्र, मासिक कोषमा रकम जम्मा गर्ने सम्बन्धी स्वघोषणापत्र, चेकको प्रतिलिपि बुझाउनुपर्ने पालिकाले सूचनामा भनेको छ ।

स्वरोजगार व्यक्तिको लागि सम्पर्क नम्बर सहितको हस्तलिखित आवेदन, नेपाली नागरिकताको प्रतिलिपि, पासपोर्ट साइजको फोटो २ प्रति, पेशा वा व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपि र दर्ता नभएको हकमा सम्बन्धित वडा कार्यालयको सिफारिसपत्र, प्यान वा करदर्ता प्रमाणपत्रको प्रतिलिपि, मासिक कोषमा रकम जम्मा गर्ने सम्बन्धी स्वघोषणा पत्र, चेकको प्रतिलिपि आवश्यक पर्ने जनाइएको छ । नेपालमा यसरी स्थानीय सरकारले अनौपचारिक क्षेत्रमा काम गर्ने श्रमिकहरुलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गराइने मध्ये दोस्रो स्थानीय तह भीमफेदी गाउँपालिका हो ।

भीमफेदी गाँउपालिकाको गाँउसभाबाट स्वीकृत कार्यक्रम अनौपचारिक तथा स्वरोजगार श्रमिकको भविष्य, सामाजिक सुरक्षा, सहकार्य, योगदान र सहभागिताको लागि भीमफेदी गाउँपालिका र योगदानमा आधारित सामाजिक सुरक्षा कोषबीच सम्झौता भए बमोजिम कार्य अघि बढेको हो । गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत भीमलाल महर्जनले योजनामा सहभागी हुन पूरा गर्नुपर्ने विभिन्न आवश्यक मापदण्डहरुबारे सूचना प्रकाशन गरी सम्बन्धित व्यक्तिलाइ जानकारी समेत गराएका छन् ।

# नक्कली नोटसहित हेटौंडाका चौलागाई पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, २४ कात्तिक/ जिल्ला प्रहरी कार्यालय मकवानपुरले हेटौंडाका एक युवकलाई नक्कली नोट सहित पक्राउ गरेको छ । बिहीवार दिउँसो हेटौंडा-१५ बाट नक्कली नोट हेटौंडा-६ का एक युवक पक्राउ परेका हुन् ।

पक्राउ पर्नेमा हेटौंडा उपमहानगरपालिका-६ का ३० वर्षीय देवराज चौलागाई रहेको मकवानपुर प्रहरी प्रवक्ता एबम् डिएसपी लक्ष्मी भण्डारीले जानकारी दिए । चौलागाईको साथबाट ५ सय दरका २० थान नक्कली नोट फेला पारी पक्राउ गरिएको भण्डारीले बताए । चौलागाईलाई हेटौंडा-१५ नयाँवस्तीस्थित भित्रि सडक खण्डबाट प्रदेश २-०३-००९ प ३८९८ नम्बरको स्कुटरमा नक्कली नोट राखेको अवस्थामा नक्कली नोट सहित पक्राउ गरेको प्रवक्ता भण्डारीले बताए ।

चौलागाईंलाई हिरासतमा राखेर थप अनुसन्धन भइरहेको जानकारी दिए । प्रहरीका अनुसार नेपाल राष्ट्र बैंक ऐन-२०५८ (संशोधित) अनुसार जाली नोटको कारोबार गरेमा बिगो जफत गरेर तीन गुणासम्म जरिवाना वा ३ वर्ष कैद अथवा दुवै सजाय हुने व्यवस्था छ । यस्तै मुलुकी अपराध संहिता-०७४ अनुसार ५ वर्षदेखि १० वर्ष कैद र पचास हजारदेखि एक लाख रुपैयाँसम्म जरिवाना हुने व्यवस्था छ ।

# मकवानपुरमा ९ बजेपछि देउसी भैलो खेल्न नपाइने



साझाकुरा संवाददाता

हेटौंडा, २४ कात्तिक/ शान्तिसुरक्षाको दृष्टिकोणले जिल्ला प्रशासन कार्यालय मकवानपुरले राति ९ बजेपछि देउसी भैलो खेल्न प्रतिबन्ध लगाएको छ । जिल्ला प्रशासन कार्यालय मकवानपुरले शुक्रवार एक विज्ञप्ती जारी गर्दै राति ९ बजेपछि देउसी भैलो खेल्न प्रतिबन्ध गरेको हो ।

प्रशासन कार्यालयले देउसी तथा भैलो लगायतका सांस्कृतिक मनोरञ्जनात्मक कार्यक्रमहरु राति ९ बजेसम्म मात्र सञ्चालन गर्न र सो समय पश्चात अनिवार्य रुपमा बन्द गर्ने निर्देशन गरेको छ । त्यस्तै तिहार र छठ पर्व मनाउने क्रममा पटाका, भुईचम्पा, आतिशवाजी जस्ता प्रज्वलनशील पदार्थको प्रयोग नगर्न प्रशासनले आग्रह गरेको छ । प्रज्वलनशील पदार्थको प्रयोगबाट सर्वसाधारणको स्वास्थ्य, सुरक्षा लगायत समग्र जनजीवनमा प्रतिकूल असर पर्ने हुँदा त्यस्ता पदार्थको भण्डारण, बिक्री वितरण, ओसारपसार तथा प्रयोग नगर्न आग्रह गरेको हो ।

जुवा, तास खेल्ने खेलाउने जस्ता कानुनले निषेध गरेका क्रियाकलापहरु नगर्न, सार्वजनिक स्थलमा मादकपदार्थ सेवन गरी होहल्ला गर्ने, झैझगडा गर्ने लगायतका समाजमा अशान्ति सिर्जना गर्ने क्रियाकलापहरु नगर्न विज्ञप्तीमार्फत नागरिकहरुमा अनुरोध गरेको छ ।

त्यस्तै २०७९ साउन ११ मा वन तथा वातावरण मन्त्रालयले देशैभर र प्लास्टिकजन्य फूल गुच्छाको उत्पादन, आयात, बिक्री वितरण वा भण्डारण गर्न पूर्णरुपमा रोक लगाएकाले यस्ता कार्य नगर्न अनुरोध गरेको छ । प्रतिबन्धित कार्यहरु वा प्रचलित कानुन वितरितका गतिविधि र क्रियाकलाप सञ्चालन गरेको खण्डमा कारबाही गरिने विज्ञप्तिमा उल्लेख गरिएको छ ।


## शिशिर बचत तथा ऋण सहकारी संस्था लि.

### वार्षिक साधारणसभासम्बन्धी सूचना

*प्रथम पटक प्रकाशित मिति : २०८०/०७/२४*

यस संस्थाको मिति २०८०/०७/१५ गते बुधबारका दिन बसेको संचालक समितिको बैठकको निर्णय अनुसार १२ औं बार्षिक साधारण सभा तपसिलमा उल्लेखित प्रस्ताव उपर छलफल गरी निर्णयका लागि आव्हान गरिएको व्यहोरा सम्बन्धीत सवै महानुभावहरुमा अनुरोध छ । साथै संस्थाका सबै शेय सदस्यज्यूहरुलाई वार्षिक साधारण सभाको जानकारी एवम् अनिवार्य उपस्थितिको लागि यसै सुचनालाई आधार मानी निम्न अनुसारको मिति,समय र स्थानमा शेयर सदस्यज्यूहरुको सक्रिय सहभागीताका लागि हादि अनुरोध गर्दछौं ।

***कार्यक्रम***

मिति : २०८०/०८/२३ गते,शनिवार

समय : बिहान ११:०० वजे देखि ४:०० वजे सम्म

स्थान : संस्थाको कार्यालय रहेको भवन, हेटौंडा ०४, मकवानपुर

**साधारणसभामा छलफलका बिषयहरु:**

१.) संचालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नुहुने वार्षिक प्रतिवेदन माथि छलफल गरी पारित गर्ने सम्बन्धमा ।
२.) सचिवद्धारा प्रस्तुत हुने सांगठनिक प्रतिवेदन पारित गर्ने सम्बन्धमा ।
३.) कोषाध्यक्षद्धारा दारा प्रस्तुत हुने वार्षिक प्रतिवेदन पारित गर्ने सम्बन्धमा ।
४.) आ.व. २०७९/८० को लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन पारित गर्ने सम्बन्धमा ।
५.) आ.व. २०७९/८० को वार्षिक लेखा परिक्षण प्रतिवेदन पारित गर्ने सम्बन्धमा ।
६.) आ.व. २०७९/८० को लागि लेखापरिक्षकको नियुक्ति र निजको पारिश्रमिक तय गर्ने सम्बन्धमा ।
७.) संस्थाको विनियम संशोधन तथा कार्यक्षेत्र विस्तार सम्बन्धमा ।
८.) मोवाइल बैकिङ संचालनका लागि अनुमति प्रदान गर्ने सम्बन्धमा ।
९.) संचालक समितिका निर्णयहरु अनुमोदन सम्बन्धमा ।
१०.) साधारण सभाको निर्णय प्रमाणित गर्न प्रतिनिधि चयन गर्ने सम्बन्धमा ।
११.) विविध ।

**अमृत अम्बर कुँवर (सचिव) एवम्**

**शिशिर वचत तथा ऋण सहकारी संस्था लि.**

हेटौंडा ४, पारिजातपथ फोन नं ०५७(५९०७०३



## सम्पूर्ण ब्राण्डका गाडी

### एकै ठाउँमा सम्पूर्ण सेवासहित

☞ कार वास भित्र/बाहिर
☞ वायरिङ मर्मत
☞ A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**

हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

यस पृष्ठमा प्रकाशित साहित्य बाहेकका सामग्रीहरु विभिन्न वेभसाइट, सामाजिक सञ्जाल तथा एजेन्सीहरुबाट साभार गरिएका हुन् ।

facebook twitter Google **विज्ञान/प्रविधि**

# विद्युतीय सवारी मात्र भएको नेपाली राइड शेयरिङ ईड्राइभ सुरु, बीमासँगै कमिसन पनि थोरै

काठमाडौं / नेपालमा पहिलो पटक विद्युतीय सवारी साधन मात्र भएको राइड शेयरिङ एप 'ईड्राइभ नेपाल' सञ्चालनमा आएको छ । ईड्राइभ नेपाल कम्पनी प्रालिले १४ करोड रुपैयाँको लगानीमा बिहीवारदेखि इलेक्ट्रिक ट्याक्सी र स्कुटरबाट उपलब्ध गराउने राइड सेवा थालेको हो।



ई-ड्राइभको सेवा सस्तो हुनुका साथै नयाँ गाडी, दुर्घटना बीमा, ओटीपी र जीपीएस प्रणाली युक्त रहेको कम्पनीले जनाएको छ । नेकपा एमालेको तर्फबाट प्रतिनिधि सभाका सचेतक महेश बर्तौला, बागमती प्रदेशका उपसभामुख अप्सरा चापागाईं र नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले संयुक्त रूपमा ईड्राइभ एप र ट्याक्सी सेवा उद्घाटन गरेका थिए ।

राष्ट्रिय सभा गृहमा आयोजित उक्त कार्यक्रमसँगै ५२ ओटा नयाँ विद्युतीय ट्याक्सीले टुँडिखेलको एक चक्कर लगाएका थिए । हाल कम्पनी आफैंले २० ओटा ट्याक्सी सञ्चालनमा ल्याइसकेको छ भने थप एक सय ओटा ट्याक्सी सञ्चालनको तयारी भइरहेको कम्पनीले जनाएको छ ।

साथै ईड्राइभको अभियानमा नेपालमा रहेका अन्य विद्युतीय सवारी साधनहरू पनि क्रमशः जोडिँदै जाने कम्पनीको भनाई छ । "सेवाग्राहीलाई सुविधा सम्पन्न तवरमा गन्तव्यमा सुरक्षित पुऱ्याउनु ईड्राइभ नेपालको उद्देश्य हो," ईड्राइभ नेपालका अध्यक्ष राजेश मास्केले भने, "साथै नेपालमा रोजगारीको नयाँ अवसर, विद्युतीय सेवाको उच्चतम प्रयोग, वातावरण संरक्षण, धनराशि विदेशिनबाट जोगाउनु हाम्रो अभियान हुनेछ ।"ईड्राइभ एपको भाडा अन्य राइड शेयरिङ सेवाको तुलनामा सस्तो रहेको कम्पनीको दाबी छ । ईड्राइभ सेवामा वन टाइम पासवर्ड (ओटिपी) प्रणालीको प्रयोग गरिएको छ । जसले सेवाग्राही र चालकबीच पासवर्ड मेल भएपछि मात्र सेवा प्रयोग गर्न दिन्छ । त्यसैगरी ईड्राइभ सुविधा लिने क्रममा दुर्घटना भएमा सेवाग्राहीलाई तोकिएको बीमा सुविधा पनि प्राप्त हुन्छ ।

त्यस्तै ईट्याक्सीमा जीपीएस जडान गरिएको छ । यसले गर्दा आफ्ना सवारी साधनको सम्पूर्ण नियन्त्रण ईड्राइभ कम्पनीसँग हुनेछ र यसले सेवाग्राहीलाई थप ढुक्क बनाउने कम्पनीको विश्वास छ । त्यस्तै कम्पनीले आफ्नै 'फास्ट चार्जिङ स्टेसन' पनि स्थापना गरेको छ । जहाँ पार्किङ लट सहित ट्याक्सी, स्कुटरहरू चार्ज हुनेछन् । कार्यक्रममा नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक घिसिङले नेपालमा पेट्रोलियम पदार्थको प्रयोग भएका ट्याक्सीहरूलाई विस्थापित गर्दै ईट्याक्सीलाई सरकारले बढवा दिनुपर्ने बताए । नेपालमा एक सय गाडी भित्रिंदा ७० ओटा गाडी विद्युतीय हुनु खुसीको विषय भएको उनको भनाई थियो । कार्यकारी निर्देशक घिसिङले पेट्रोलियम ट्याक्सीलाई विद्युतीय ट्याक्सीमा परिणत गर्न सरकारले सुविधा थप्नुपर्ने सुझाव समेत दिए । पूर्णत विद्युतबाट चल्ने यी सवारी साधनले ग्राहकलाई आरामदायी सेवा सुविधा सहित गन्तव्यमा पुऱ्याउने मात्र नभई विद्युतको खपत, पेट्रोलियम पदार्थबाट विदेशिने रकममा राज्यको बचत, वातावरण संरक्षणलाई समेत फाइदा पुग्ने कम्पनीका अध्यक्ष मास्कको विश्वास छ । ई-ड्राइभको राइड शेयरिङ एप नेपाली सफ्टवेयर ईन्जिनियरहरूले बनाएका हुन् । एन्ड्रोइड प्रयोगकर्ताले यहाँ र आईओएस प्रयोगकर्ताले यहाँ क्लिक गरेर यो एप इन्स्टल गर्न सक्नेछन् । रोजगारीका लागि कम्पनीले महिला चालकलाई विशेष सहुलियत प्रदान गर्ने बताएको छ । विद्युतीय सवारी खरिद गरी सञ्चालन गर्न चाहने, तर आर्थिक अवस्था कमजोर भएकालाई कम डाउन पेमेन्टमा ट्याक्सी खरिद गर्नका लागि कम्पनीले सुविधा समेत दिनेछ । साथै एपमा आबद्ध सवारी चालकले बुझाउनु पर्ने कमिसन पनि यसमा थोरै रहेको उल्लेख छ ।

**यौन / स्वास्थ्य**

# महिनावारी रोक्ने औषधिको जथाभावी प्रयोग : निम्तिन सक्छ स्वास्थ्यमा गम्भीर खतरा



काठमाडौं । महिलाको प्राकृतिक चक्र अर्थात् महिनावारी प्रत्येक महिनामा २८ देखि ३८ दिनको बिचमा हुन्छ । महिनावारी चक्रलाई चाहेर पनि कुनै महिलाले रोक्न सक्दैनन् । तर, जब घरमा चाडपर्व, पूजापाठ, पितृकार्य, कुनै विशेषकार्य गर्दा महिनावारी हुने समय परेको खण्डमा औषधि सेवन गरी तत्कालका लागि सार्ने चलन छ ।

हिन्दूहरूको दोस्रो ठूलो पर्व तिहार, छठ नजिकिदैं छ । यी पर्वमा महिनावारीको पालो पर्नेहरूले महिनावारी ढिला गराउने अर्थात् पालो सर्ने औषधि सेवनगर्ने दर बढ्ने चिकित्सकहरू बताउँछन् ।

यसरी स्वतस्फूर्त रुपमाहुने महिनावारी रोक्ने औषधि सेवनगर्दा शरीरमा नकारात्मक असर तथा स्वास्थ्यमा गम्भीर रोगहरू लाग्न सक्ने प्रसूतीतथा स्त्रीरोग विशेषज्ञ डा.कृतिपाल सुवेदी बताउँछन् ।

अवको केहीदिनमा दिदीभाइबिचको सम्बन्धलाई प्रगाढ बनाउने पर्व तिहार नजिकिदैं छ । यसबेला स्वास्थ्यकर्मीको परामर्शबिनै कतिपयले महिनावारी सर्ने औषधि सेवन गरेको पाइन्छ । महिनावारी पछि सार्ने औषधिले पछि महिनावारी हुँदा पेट दुख्ने, स्तनदुख्ने, उच्च रक्तचाप, रगतबाक्लो बनाउने, तौल बढ्ने, वाकवाक लाग्नेलगायतका समस्या देखापर्ने चिकित्सकहरू बताउँछन् ।

महिनावारी पर सार्न निजो प्रोस्टोन, प्रोजेस्टेरोन, इमरजेन्सी कन्ट्रासेप्सनहरू, स्ट्रेजोन प्रोजेस्टेरोन कम्बाइनपिल्स सेवन गर्नेचलन छ ।स्वास्थ्यकर्मी तथा चिकित्सकको परामर्शविना महिनावारी पर सार्ने महिलाले औषधि किन्नआएमा औषधि बेच्ने फार्मेसीहरूले विशेष ध्यानदिन आवश्यक रहेको डा.सुवेदीको भनाइ छ ।

महिनावारी पछि सार्ने औषधिले पछि महिनावारी हुँदा पेट दुख्ने, स्तनदुख्ने, उच्च रक्तचाप, रगतबाक्लो बनाउने, तौल बढ्ने, वाकवाक लाग्नेलगायतका समस्या देखापर्ने चिकित्सकहरू बताउँछन् । मर्यादित महिनावारीबारे जानकारी नहुँदा महिनावारी सार्ने औषधिले तत्काल स्वास्थ्य समस्या नदेखिए पनि दीर्घकालमा गम्भीर समस्या निम्त्याउन सक्छ ।

यस्तै, महिनावारीको पालो आउँदापर्व लगायतका विशेष दिन भएपनि मुख्यत परिवार योजना बनाएका महिला, मुटुसम्बन्धी समस्या भएका, स्ट्रोक बिरामी र तौल बढी भएका महिलाले सार्ने औषधि सेवन गरेमा स्वास्थ्यमा जटिलता उत्पन्न हुने डा.सुवेदीले बताए ।

उनी भन्छन्, 'महिनावारी पर सार्ने औषधिले हर्मोनलाई असन्तुलित बनाउँछ ।' महिनावारी पर सार्ने औषधि सेवनगर्दा, परिवार नियोजनको साधन पिल्सलगायत सेवन गर्दा इस्ट्रोजेन र प्रोजेस्टेरोन नामक हर्मोन बढ्ने हुँदा तत्काललाई महिनावारी रोकिएपनि पछि रक्तस्राव बढी हुन सक्ने उनले बताए । महिनावारी पर सार्ने औषधि सेवन गर्दा पछि क्यान्सरसमेत बनाउन सक्ने भएकाले सचेत हुनुपर्छ ।मर्यादित महिनावारीबारे जानकारी नहुँदा महिनावारी सार्ने औषधिले तत्काल स्वास्थ्य समस्या नदेखिए पनि दीर्घकालमा गम्भीर समस्या निम्त्याउन सक्छ । महिनावारी पर सर्ने औषधि सहरी क्षेत्रको तुलनामा गाउँमा धेरै रहेको चिकित्सकहरूको अनुमान छ ।


धेरैलाई लाग्न सक्छ, महिनावारी सार्ने औषधि सेवनगर्न छाडेपछि तत्काल महिनावारी हुन्छ भनेर । तर, त्यस्तो नहुन पनि सक्छ । त्यस्तो अवस्थामा किशोरी तथा महिलाहरू स्वास्थ्य संस्थामा गुनासो लिएर पुग्ने गरेको उनी बताउँछन् ।

डा.सुवेदीका अनुसार यो औषधि कतिमात्रामा सेवन गर्ने, कुन उमेरकाले कति वजनको औषधि सेवन गर्ने, औषधि सेवनगर्न हुन्छ कि हुँदैन भन्नेबारे विशेष ख्यालगरी परामर्शका आधारमा मात्र महिनावारी सार्ने औषधि सेवन गर्न सकिन्छ ।

# साहित्य

कविता

## मध्यराति



शिवप्रसाद काफ्ले

सबैजना निन्द्रामा भएको बेलामा
भूकम्पले हल्लाइदियो
एकाएक घरहरू गर्ल्याम गुर्लुम ढले
कैंयनले ज्यान गुमाए
कैंयन अंगभंग भए
कैंयन पुरिए त्यही भत्किएको घरभित्र
भूकम्पले
त्यसबेला चिनेन कसैलाई
न कसैको पार्टी चिन्यो
न कसैको धर्म चिन्यो
न कसैको जात चिन्यो
न बच्चा भन्यो
न युवा भन्यो
न वृद्ध भन्यो
सबैलाई त्राही त्राही बनायो
तर
एकहुल जमात
राहतको नाममा राजनीति गर्न
पुगे घटनास्थलमा
अनि
छुट्टाइदिए एक आपसमा
पीडितहरूलाई
र लगाइदिए निधारमा टीका
फलानो पार्टी
फलानो पार्टी
फलानो पार्टी

## खोज



मिरमा

दिनभरको माथापच्चीले
थकित सूर्य
सनै सनै
घिस्रिएर डुब्दैछ
सन्ध्याको घुम्टोभित्र
थकान मेट्न
दिनभरिको
दौडधुपले गलेर
म पनि मृतप्राय:
पल्टिएकी छु
मृत रहरका
ओछ्यानमा लम्पसार
थकित वदनलाई
सुम्सुम्याउँदै
सोधिरहन्छु आफैंसँग
'को हुँ म?'
'के हुँ म?'
सारा संसार
कुम्भकर्ण झैं निदाइरहँदा
एक झप्को निँन्द्रापछि
सधैं ब्युँझिन्छु
म झ्यालबाट
जुनकिरीको उज्यालोमा
खोज्न आफैंलाई
ला.... ....... .....
अबेर भैसक्यो,
घर्किसक्यो समय
रात विस्तारै
मृत्युरेखा नजिक पुग्दैछ
प्रभात आकाशभरि
लालीमा खन्याएर
सूर्यको स्वागतमा व्यस्त छ
मेरो खोज
आज पनि पूरा भएन
कहाँ हराए मैले आफैंलाई
सोचेर बढ्दैछ
धुकधुकी बेजोडसँग
साँझले आकाशभरि
चुक पोतेर
अँध्यारो रात ल्याउनुअघि
अस्ताउनै लागेको
सूर्यको धिपधिपे
उज्यालो टिपेर
भास्को डिगामाले भारत
खोजेजस्तैगरी खोजेको भए
पाउँथे कि सायद आफैंलाई
उज्यालो त कहिले हुन्न मेरो
समयको टुक्राटुक्रा
चिमोटेर छरिरहन्छु म
परेवालाई दाना छरेजस्तै
आफूबाहेक सबैलाई
त्यसैले त सारा संसार
सुतेपछिको सन्नाटाले
ब्युँझाउँछ मलाई
अनि हर मध्यरात अठोट गर्छु
साहस र आँटको अटल डोरीले
आफ्नै मनलाई बाँधेर
हिच्किचाहटको घुम्टोलाई
हावामा बेपरवाह उडाएर
झिसमिसेमैं निस्कन्छु
आफैंभित्र आफैंलाई खोज्न
तर सूर्योदयले
भत्काइदिन्छ मेरो अठोट
बिहानीसँगै च्याउसरी
गुजुङ गुजुङ गुजुङ गुजुङ
उम्रिन्छन् बेफुर्सद
भात भान्सा र घरव्यवहारको
फदयको अन्त:स्करणबाट निस्कने
'स्वयमलाई खोज'को
आवाजलाई
छोपिदिन्छ मेरो 'स्त्रीत्व'
लाज अनि अप्ठ्याराका
ज्वारभाटाहरूले भाँचिदिन्छन्
हिम्मतको अग्लो लौरी
बगाइदिन्छन् साहस र आँटको
अटल डोरीलाई
अनि हरेक रात
छरिएका आत्मविश्वासको
झिक्राझाक्री बटुलेर
चन्द्रमासँग उज्यालो
फुर्सद सापटी लिएर
अन्धकारमा निस्कन्छु
म आफैंलाई खोज्न
सिद्धार्थ झैं


## सानी रोविहामा ट्याटुको चिन्हन



डा. भागवत आचार्य

आमा,
मेरो हातमा मेरै नाम किन लेखिदिएको ?
यो कालो ब्रासलेट किन लगाइदिएको ?
आँखामा आँसु र अनुहारमा विषाद् बोकेर
केहीबेर टोलाएपछि
जवाफ दिन्छिन् आमा- सानै छ्यौ रोविहा छोरी
थाहा पाउन्नौ यस्ता कुरा
नजन्मँदै तिमी कसैकी शत्रु हौ
तिमी अनेकन अहंकारको निशानामा छ्यौ
जहाँ कुनै पनि बेला अहंकार बम बनेर आउँछ
र खाइदिन सक्छ, समाप्त पारिदिन सक्छ
त्यसबेला
'मेरी आमा' भनेर तिम्रो आवाज आउँदा
बारुदको मुस्लोमा म पनि के रहुँला र ?
र रहे पनि
तिमीलाई छातीमा टाँसेर मातृत्वको भोक
मेटाउन के पाउँला र ?
तिम्रो क्षतविक्षत अनुहार सुम्सुम्याउन
कसरी सकुँला र मुटुको टुक्रा छोरी
त्यसबेला
तिम्रो शरीर चिन्न सकूँ
र दुई थोपा आँसुले अन्तिम बिदाइ गर्न सकूँ
अनि आमा हुनुको अर्थबोध गर्न सकूँ छोरी
त्यसैले तिम्रो नामांकित ट्याटु नमेट्नु तिमीले
तिमीले लगाएको ब्रासलेट नृयाल्नु तिमीले
अहंकारमै त चलिरहेछ विश्व
अहंकारका अगाडि जीवनको मूल्य हुन्न रहेछ
ढुंगालाई जिजीविषाले छुन्न रहेछ
अहंकारको अग्निमा बलिरहेको छ विश्व
हतियारको भुङ्ग्रोमा डढिरहेको छ विश्व
ओइ अहंकार
तँमा अलिकति धर्म हुँदैन ?
तँभित्र रति संवेदना हुँदैन ?
तेरो कुनै आदर्श हुँदैन ?
चितुवाको दारा र चिलको चुच्चो लिएर
कति दिन रहलास् अहंकार
याद राख, घरमा आगो लगाएपछि
ढिलो चाँडो आगोले स्वयंलाई डढाउन सक्छ
संवेदना नै हराएपछि
तेरो पनि अस्तित्व समाप्त हुन सक्छ ।।

## चित्रकला



दिपशना थापा
कक्षा: १०
जी.एस. निकेतन मा.वि. हेटौंडा

# 'पर्खि बसेँ तिमीलाई'मा 'कालो चश्मा'को रिमेक भर्सन



करिब २ दशक अगाडिको सुपरहिट फिल्म 'बादलपारी'को कालजयी गीत 'कालो चश्मा लाऊ है मैयाँ विशाल बजारको'लाई रिमेक गरेर निर्देशक दीपक श्रेष्ठले आफू निर्देशित नयाँ फिल्म 'पर्खि बसेँ तिमीलाई'मा समावेश गरेका छन् । शुक्रबार सार्वजनिक गीतमा सुरेन्द्र राणाको शब्द रचना तथा शम्भुजित बाँस्कोटाको संगीत छ । रिमेक भर्सनमा प्रमोद खरेल र मिलन नेवारको स्वर रहेको छ ।

निर्देशक श्रेष्ठ भन्छन्, 'यो विशुद्ध प्रेमकथामा बनेको फिल्म हो । त्यसैले यसको सुरुवात गीतमार्फत् गरेका छौं । मैले निर्देशन गरेको 'पर्खि बसेँ'मा झैं यसमा पनि नयाँ कलाकारलाई लिएर काम गरेको छु । उहाँहरुलाई फिल्म उद्योगले स्वागत गर्नेमा विश्वस्त छु ।' यो फिल्मबाट किरण श्रेष्ठ र रक्षा बुढाथोकीले डेब्यू गर्दैछन् । निशा रसाइलीको कोरियोग्राफी रहेको गीतमा उनीहरु नै फिचरिङ छन् । शिव श्रेष्ठ, अनिशा रसाइली, विल्सन विक्रम राई, मनिष श्रेष्ठ आदिको पनि अभिनय रहेको फिल्ममा राजाराम बुढाथोकीको निर्माण, कोमल गुरुङको सह-निर्माण, परिच्छेद सेन, मौनता श्रेष्ठ र पुरुषोत्तम ढुंगेलको लेखन, शम्भुजितसँगै दीपक शर्मा, महेश खड्का र बाबुल गिरीको संगीत, संकल्प भुजेलको छायांकन, भुपेन्द्र अधिकारीको सम्पादन, निशासँगै रामजी लामिछानेको नृत्य निर्देशन छ ।निर्देशक श्रेष्ठले किरण र रक्षामा क्षमता देखेपछि डेब्यू गराएको बताएका छन् । फिल्ममा अहिलेको पुस्ताको प्रेमकथा रहेको उनको भनाई छ । आगामी पुष २७ गतेबाट प्रदर्शनमा आउने फिल्मलाई काठमाडौँमा रिच इन्टरटेनमेन्ट र मोफसलमा एफडी कम्पनीले वितरण गर्दैछन् । रोमन फिल्मस् र तपश्री प्रोडक्सन (सिक्किम)को निर्माण रहेको फिल्मलाई नेपाल र सिक्किममा खिचिएको हो ।

# पटका पड्काउनेलाई के हुन्छ कारवाही ?



काठमाडौं / तिहारमा पटका पड्काउने आम चलनजस्तै बनिसकेको छ । तर पटका पड्काउँदा हुने ध्वनि र वायु प्रदूषणले स्वास्थ्यमा असर पुर्‍याउन सक्छ ।

पटाका जति धेरै ठूलो पड्किने हुन्छ, उति नै बढी मानव स्वास्थ्यका लागि हानिकारक मानिएका रसायन र धातुहरू मिलाइएको हुन्छ । जसले वतावरणीय प्रदूषण बढाउँछ । पटकामा मानव शरीरका लागि अति खतरनाक मानिएका लिड, सल्फडाइअक्साइड, नाइट्रस अक्साइड र बारुद आदि पदार्थ र रसायनको प्रयोग असीमित मात्रामा गरिएको हुन्छ ।

यसरी बनाइएका पटाका पड्काएपछि धुवाँको माध्यमबाट वायुमण्डलमा पुगी हावामा मिसिने गर्छ । पछि हामीले लिएको श्वासबाट ती खतरनाक धातु मिश्रित रसायन शरीरमा प्रवेश भई फोक्सोसम्म पुग्ने गर्छ । यसबाट दम, एलर्जी मात्रै नभएर क्यान्सर जस्ता प्राणघातक रोगसमेत लाग्न सक्छ । उज्यालको पर्व तिहारमा पटकाकै कारण प्रदूषणका साथै धनजनको समेत ठूलो क्षति हुने भएकाले प्रहरीले पटका नपड्काउन अनुरोध गर्छ ।

काठमाडौं उपत्यका प्रहरी कार्यालय, रानीपोखरीका प्रवक्ता वरिष्ठ प्रहरी उपरीक्षक (एसएसपी) दिनेशराज मैनालीले तिहारमा पटका पड्काउन निषेध गरेको र जबर्जस्ती पड्काउनेलाई तत्काल पक्राउ गरी कारवाही गर्ने बताए ।

'पटका भित्रिन नियन्त्रण गर्न प्रत्येक नाकामा प्रहरी परिचालित छन्, पटका नेपाल भित्रिनै पाएन भने पटकाको कारण हुन सक्ने क्षति रोक्न सकिन्छ ।'

**पटका बेच्ने र पड्काउनेलाई के हुन्छ कारवाही ?**

पटका पड्काउने वा बिक्री वितरण गरेको पाइएमा प्रहरीले पक्राउ गरी कारवाही गर्ने एसएसपी मैनाली बताउँछन् । 'कडा विस्फोटक पदार्थ भेटिए १० वर्षसम्म कैद र एक लाख रुपैयाँसम्म जरिवाना हुन्छ । नरम विस्फोटक पदार्थ भेटिए ५ वर्षसम्म कैद र ५० हजार रुपैयाँ जरिवाना हुन्छ,' उनी भन्छन्, 'सामान्य प्रकारको विस्फोटक पदार्थ भए ३ वर्षसम्म कैद र ३० हजार रुपैयाँसम्म जरिवाना हुने व्यवस्था छ ।'

यसैगरी विस्फोटक पदार्थ उत्पादन वा निर्माण गर्ने र कारोबार गर्नेलाई दुई वर्षसम्म कैद र २० हजार रुपैयाँ जरिवाना हुने व्यवस्था छ ।

## *भारतमा 'टाइगर ३' ले ३५ करोडको ओपनिङ गर्ने प्रक्षेपण, नेपालमा कति कमाउला ?*

काठमाडौं / सलमान खान र कट्रिना कैफ स्टारर जासूस-एक्सन ड्रामा 'टाइगर ३' यस वर्षको प्रतीक्षित भारतीय फिल्म हो । भारत र नेपालमा देखिएको एड्भान्स टिकट बिक्रीले फिल्मको ओपनिङ आक्रामक हुने स्पष्ट संकेत गर्छ ।

आइतबार लक्ष्मीपूजाको दिनमा रिलिज हुन लागेको यो फिल्मलाई हलले उच्च शो दिएका छन् । भारतमा रिलिजअघि नै ३.६३ लाख प्रतिटिकट बिक्री भइसकेका छन् । बलिउड व्यापार विश्लेषक अक्षय राठी र रमेश बालाले फिल्मको ओपनिङमा उछाल आउने प्रक्षेपण गरेका छन् ।

राठीले भारतमा फिल्मको पहिलो दिनको कमाइ ३० देखि ३५ करोड भारु हुने प्रक्षेपण गरेका छन् । लक्ष्मीपूजाको भोलिपल्ट व्यापारमा वृद्धि भएर कमाइ ५० करोड भारु पुग्ने उनको विश्लेषण छ । 'सम्भवत: यो बलिउडकै सर्वाधिक ग्रसर फिल्म बन्न सक्छ,' उनले भने ।रमेश बालाले भने, 'पहिलो दिन भारतमा अधिकतम ३०-३५ करोड भारुको अपेक्षा छ । कतिपय देशमा भने यो लक्ष्मीपूजाअघि नै प्रदर्शन हुनेछ । त्यसैले दीपावलीको समयमा फिल्मले ७५ करोडदेखि १०० करोड भारुको कमाइ गर्न सक्छ ।'

सलमानको फिल्म करिअर ३५ वर्ष पुगेको छ । पछिल्लो ६ वर्षमा उनका कुनै पनि फिल्मले ब्लकबस्टर कमाइ गर्न सकेका छैनन् । 'किसी का भाइ किसी की जान', रोध : योर मोस्ट वान्टेड भाइ, रेश ३, भारत र दबंग ३ ले खास कमाउन सकेनन् । यसर्थ, सलमानका लागि 'टाइगर ३' महत्वपूर्ण छ ।

यसबारेमा बालाले भने, 'टाइगर ३ उनका लागि निकै महत्वपूर्ण छ । शाहरुख खानले एक हजार करोड हिट दिएका छन्, त्यसैले प्रतिस्पर्धा बढी छ । टाइगर ३ ले कम्तीमा ७०० करोड भारु कमाउनुपर्छ, नभए एक हजार करोड भारु । त्यो उनकोलागि राम्रो हुनेछ । यो एक फ्रेन्चाइजी पनि हो, त्यसैले आशा छ कि यसले उसलाई त्यो स्तरमा पुर्‍याउन सक्छ ।'

## जुवातास खेलिरहेको अवस्थामा १२ जना पक्राउ

काठमाडौं /डोटीको आदर्श गाउँपालिका-२, कुचेडा बजारमा जुवातास खेलिरहेको अवस्थामा १२ जना पक्राउ परेका छन् । सोही ठाउँका ५४ वर्षीय पदमबहादुर बोहराको घरमा जुवातास खेलिरहेको अवस्थामा सोही गाउँपालिका-१ बस्ने ४८ वर्षीय नाउटे खड्कासहित १२ जनालाई शुक्रबार दिउँसो प्रहरीले पक्राउ गरेको छ । इलाका प्रहरी कार्यालय आदर्शबाट खटिएको प्रहरीले उनीहरूलाई नगद एक लाख ८४ हजार ६८० रूपैयाँ र तीन गट्टी तासहित पक्राउ गरेको जनाइएको छ ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**


Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

**Printer Shop**

The complete office solution
Contact No. 9845292140,
057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# आन्तरिक अर्थतन्त्रमा सुधारको संकेत




काठमाडौं / अर्थतन्त्रका बाह्य परिसूचक बलियो अवस्थामा पुग्दा आन्तरिक अर्थतन्त्रमा पनि सुधारको संकेत देखिएको छ ।

नेपाल राष्ट्र बैंक आर्थिक अनुसन्धान विभागले शुक्रबार चालु आर्थिक वर्ष २०८०/८१ को प्रथम ३ महिनाको तथ्यांक प्रकाशित गरेको छ, जसले बाह्य परिसूचक बलियो अवस्थामा पुगेको छ भने आन्तरिक अर्थतन्त्रमा सुधारको संकेत देखिएको छ ।

खासगरी असोज महिनामा आयात बढेसँगै सरकारको राजस्वमा वृद्धि भएको छ भने निजी क्षेत्रमा कर्जा प्रवाह उल्लेख्य रुपमा वृद्धि भएको छ । यसले आर्थिक गतिविधि केही चलायमान बनेको तथ्यांकले दखाउँछ ।

असोजको तथ्यांकले आन्तरिक अर्थतन्त्रका सुधारको संकेत देखिएको राष्ट्र बैंकको आर्थिक अनुसन्धान विभाग प्रमुख डा. प्रकाशकुमार श्रेष्ठ बताउँछन् । असोजमा १ खर्ब ४८ अर्बभन्दा बढीको आयात भएको छ । यो कुनै एक महिनामा भएको आयात १५ महिना यताकै उच्च हो । २०७९ असारमा १ खर्ब ५७ अर्ब भन्दा बढीको आयात भएको थियो । गत आर्थिक वर्षको कुनै पनि महिनामा आयातले उक्त तथ्यांक पार गर्न सकेन । यो आर्थिक वर्षमा दशैं र तिहारको मुखमा असोजमा १ खर्ब ४८ अर्बको आयात भयो । आयात बढ्नु सकारात्मक होइन ।

तर नेपाली अर्थतन्त्रको संरचना नै आयातमा आधारित भएकाले आन्तरिक आर्थिक गतिविधि बढ्न मात्र होइन, सरकारको राजस्व समेत आयातमै निर्भर छ । आयातमा कडाइ गरेका कारण आर्थिक वर्ष २०७९/८० मा अघिल्लो आवको तुलनामा राजस्व घट्यो । आयात खुकुलो बनाउँदा पनि चालु आर्थिक वर्षको साउन र भदौमा राजस्व बढ्न सकेन, बरु गत आर्थिक वर्षको सोही अवधिको तुलनामा घटेको थियो । असोजमा भने गत वर्षको तुलनामा राजस्व भएको छ ।

गत आर्थिक वर्ष २०७९/८० को प्रथम त्रैमासमा राजस्वमा अघिल्लो वर्षको तुलनामा १८.२ प्रतिशतले गिरावट आएको थियो । तर, चालु आर्थिक वर्षको प्रथम त्रैमासमा सरकारको राजस्व ५ प्रतिशतले वृद्धि भएर २ खर्ब १९ अर्ब १२ करोड पुगेको राष्ट्र बैंकले जनाएको छ । चालु आर्थिक वर्षको पहिलो दुई महिनामा ऋणात्मक वृद्धि भएको सरकारको राजस्व असोजमा ५ प्रतिशतको वृद्धि हुनु सकारत्मक संकेत भएको आर्थिक अनुसन्धान विभाग प्रमुख डा. श्रेष्ठ बताउँछन् ।

'निर्यात पनि कात्तिकबाट गत वर्षको तुलनामा सकारात्मक हुने अवस्था देखिन्छ । असोजमा नै सोयाबिन तेल र पाम तेल हटाएर हेर्दा निर्यात २०/२१ प्रतिशतले वृद्धि भएको देखिन्छ,' उनले भने, 'निर्यातमा नेपालको परम्परागत गार्मेन्ट, गलैचा, अलैचिका साथै फलामजन्य वस्तुको पनि योगदान देखिन्छ ।'

निजी क्षेत्रमा प्रवाह हुने कर्जा पनि असोजमा उल्लेख्य रुपमा वृद्धि भएको छ । चालु आर्थिक वर्षको प्रथम त्रैमासमा बैंक तथा वित्तीय संस्थाबाट निजी क्षेत्रमा प्रवाह हुने कर्जा १ खर्ब ९ अर्ब ३ करोडले बढेको छ । जुन गत असार मसान्तको तुलनामा २.३ प्रतिशतले वृद्धि भएको हो । गत अर्थिक वर्षको सोही अवधिमा निजी क्षेत्रमा प्रवाह हुने कर्जा ५९ अर्ब ११ करोड मात्रै बढेको थियो ।

'तथ्यांकहरुले आन्तरीक अर्थतन्त्रमा केही सुधार भएको देखाउँछ। राष्ट्र बैंक आर्थिक अनुसन्धान विभाग प्रमुख डा. श्रेष्ठ भन्छन्, 'क्षेत्रगत रुपमा प्राय: सबै क्षेत्रमा कर्जा बढेको देखिन्छ । मार्जिन प्रकृतिको सेयर धितो कर्जा, आवासीय घर कर्जामा राम्रो वृद्धि देखिन्छ ।'

यद्यपि यो अवधिमा दशैं र तिहार जस्ता ठुला चाडपर्व परेकाले अहिले देखिएको सुधारले भोलिका दिनमा निररन्तता पाउनेमा भने शंका छ ।पूर्वअर्थसचिव शिशिर ढुंगाना आयात बढ्दा जुनसुकै कारणले भएपनि यसले विस्तारै आर्थिक गतिविधि बढाउने भएकाले आन्तरिक अर्थतन्त्रमा सुधारको संकेत भन्न सकिने बताउँछन् । पूँजीगत वस्तुकै आयात वृद्धि भएको छ भने त्यसले पक्कै पनि अर्थतन्त्र सुधार हुँदैछ भन्ने देखिने उनले बताए । तर, अन्य वस्तुकै आयात बढेको भएपनि त्यसले आर्थिक गतिविधि बढाउने भएकोले त्यसले अर्थतन्त्रमा सुधारको संकेत देखिएको भन्न सकिन्छ ।

कर्जा प्रवाहमा वृद्धि हुँदा त्यसले अर्थतन्त्रलाई केही सकारात्मक प्रभाव पर्ने भएकोले निजी क्षेत्रमा कर्जा प्रवाह बढ्दा पनि त्यसलाई सुधारको संकेत भन्न सकिन्छ । 'निजी क्षेत्रको कर्जा पनि आवाशिय घर कर्जामा वृद्धि भएको देखिन्छ । त्यसले पलामको उत्पादनको माग बढ्न लगायत अन्य माग बढाउँछ' उनले भने, 'पुर्ण रुपमा सुधार हुँदै छ कि छैन भनेर चाडपर्व पछिको तथ्यांकलाई ध्यान दिनुपर्छ । तर, चाडपर्वमा नै बढेको आयात भएपनि त्यसले आर्थिक गतिविधि बढाउँछ ।'

विगतमा लगातार आयात भइरहेन भएपनि पल्लिो समय व्यवसायिको स्टक आउन भएर पनि आयात बढेको हुनसक्ने उनले बताए । तर, कर्जा विस्तार, आयात वृद्धि, लगायतलाई हर्दो मान्छेको हातमा पैसा छ र खर्च गर्न तयार छन् भन्ने देखिएको उनले बताए ।

**रेमिट्यान्सले थेग्दा बाह्य क्षेत्र झनै बलियो**

आयात बढेपछि चालु खाता र शोधनान्तर बचतमा कुनै असर गरेको छैन, बरु बढेको छ । किनकि रेमिट्यान्स अहिलेसम्मकै उच्च विन्दुमा पुगेको छ । राष्ट्र बैंकको तथ्यांकअनुसार असोजमा १ खर्ब ३६ अर्ब ९७ करोड रेमिट्यान्स प्राप्त भएको छ, जुन कुनै एक महिनामा भित्रिएको अहिलेसम्मकै उच्च हो । चालु आर्थिक वर्षको ३ महिनामा मात्र ३ खर्ब ३५ अर्ब ३४ करोड रुपैयाँ रेमिट्यान्स प्राप्त भएको छ । जुन गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ३० प्रतिशतले बढी हो ।

गत आर्थिक वर्षमा वैदेशिक रोजगारीमा जानेको संख्यामा उल्लेख्य वृद्धि हुँदा त्यसको प्रभाव चालु आर्थिक वर्षको रेमिट्यान्समा देखिएको हो । गत आवमा वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति लिने नेपालीको संख्या ४०.३ प्रतिशतले वृद्धि भएर ४ लाख ९७ हजार ७०४ पुगेको थियो । वैदेशिक रोजगारीका लागि पुन: श्रम स्वीकृति लिने नेपालीको संख्या २ लाख ७७ हजार २७२ पुगेको छ ।

चालु आर्थिक वर्षको पहिलो ३ महिनामा भने वैदेशिक रोजगारीमा जानेको संख्या घट्दो क्रममा छ । यस अवधिमा वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति लिने नेपालीको संख्या १ लाख १३ हजार ३९७ र पुन: श्रम स्वीकृति लिनेको संख्या ४९ हजार २९७ छ । जबकी गत आवको यही अवधिमा वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति लिने नेपालीका संख्या १ लाख ४७ हजार ९३२ र पुन: श्रम स्वीकृति लिनेको संख्या ५७ हजार ८६१ थियो ।

तर रेमिट्यान्स बढेका कारण चालु खाता बचत तीन महिनामै ५९ अर्ब ९ करोडले पुगेको छ । गत साउनमा ३३ महिनापछि बचतमा गएका चालु खाता लगातार तेस्रो महिना पनि बचतमा देखिएको हो । भदौमा २३ अर्ब ५० करोडले बचतमा रहेको चालु खाता असोजमा उल्लेख्य रुपमा वृद्धि भयो । जबकि गत आर्थिक वर्ष २०७९/८० को पहिलो तीन महिनामा चालु खाता ३५ अर्ब २४ करोडले घाटामा रहेको थियो ।

रेमिट्यान्स वृद्धिको सकारात्मक प्रभाव भुक्तानी सन्तुलनमा पनि देखिएको छ । आर्थिक वर्ष २०७८/७९ मा एक वर्षमै २ खर्ब ५५ अर्बले शोधनान्तर घाटा भएपछि राष्ट्र बैंकले मौद्रिक नीतिलाई कसिलो बनाएको थियो भने सरकारले केही वस्तुको आयातमा प्रतिबन्ध लगाएको थियो । राष्ट्र बैंकले २०७८ पुसबाट केही वस्तुको आयात गर्दा एलसीमा नगद मार्जिन राख्नुपर्ने व्यवस्था गरेको थियो । सरकारले २०७९ वैशाखबाट ८ महिनासम्म केही वस्तुको आयातमा प्रतिबन्ध लगायो । त्यसले शोधनान्तर स्थिति २ खर्ब ९० अर्ब ५२ करोडले बचत भई बाह्य क्षेत्रमा 'बाउन्स ब्याक' देखियो ।

आयातको कडाइ हटाएपछि पनि चालु आर्थिक वर्षको पहिलो ३ महिनामा बाह्य क्षेत्र अझै मजबुत भन्दै गएको छ । शोधनान्तर बचत १ खर्ब नजिक पुगेको छ । असोज मसान्तमा शोधनान्तर बचत ९९ अर्ब ७ करोड पुगेको राष्ट्र बैंकले शुक्रबार सार्वजनिक गरेके तथ्यांकले देखाउँछ ।

आयात केही बढेपनि विदेशी विनियम सञ्चिती लगातार बढेर करिब साढे १६ खर्ब पुगेको छ । तीन महिनामा विदेशी मुद्रा सञ्चिति ६.७ प्रतिशत बढेको राष्ट्र बैंकले जनाएको छ । २०८० असार मसान्तसम्म १५ खर्ब ३९ अर्ब ३६ करोड बराबर रहेको विदेशी मुद्रा सञ्चिति असोज मसान्तसम्म १६ खर्ब ४३ अर्ब ९ करोड पुगेको छ ।

अमेरिकी डलरमा भने यस्तो सञ्चिति ५.३ प्रतिशतले बढेर १२ अर्ब ३३ करोड डलर पुगेको छ । कुल विदेशी विनिमय सञ्चितिमा भारतीय मुद्राको अंश २२ प्रतिशत छ । कुल विदेशी विनिमय सञ्चितिमध्ये राष्ट्र बैंकसँग १४ खर्ब ३३ अर्ब ३६ करोड रुपैयाँ बराबर छ भने अरु बैंक तथा वित्तीय संस्थासँग २ खर्ब ९ अर्ब ७३ करोड रुपैयाँ बराबर छ ।हालको विदेशी मुद्रा सञ्चितिले अहिलेकै आयातलाई आधार मान्दा १२.४ महिनाको वस्तु आयात र १०.३ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहने राष्ट्र बैंकले जनाएको छ । नेपाल राष्ट्र बैंकले चालु आर्थिक वर्षको मौद्रिक नीतिमा ७ महिनाको वस्तु आयात धान्न पर्याप्त हुने विदेशी विनियम सञ्चिति कायम राख्ने लक्ष्य लिएको छ । रेमिट्यान्समा वृद्धिले नै बाह्य क्षेत्र बाउन्स ब्याक भएको राष्ट्र बैंक आर्थिक अनुसन्धान विभाग प्रमुख श्रेष्ठ बताउँछन् ।

**बजार नियमन कमजोर हुँदा महँगी घटेन**

राष्ट्र बैंकका अनुसार चालु आर्थिक वर्षको तेस्रो महिनामा होलसेल बजारको महँगी घटेको देखिन्छ । तर उपभोक्ताको दैनिकीमा उच्च महँगी कायमै छ ।

राष्ट्र बैंकले चालु आर्थिक वर्षमा उपभोक्ता मुद्रास्फीति ६.५ प्रतिशतभित्र कायम राख्ने लक्ष्य सहित मौद्रिक नीति सार्वजनिक गरेको थियो । अघिल्लो वर्षको तुलनामा असोजमा वार्षिक विन्दुगत उपभोत्ता मुद्रास्फीतिमा केही सुधार देखिएपनि लक्ष्यभन्दा माथि नै देखिन्छ ।

२०७९ असोजको वार्षिक विन्दुगत मुद्रास्फीति ८.३८ प्रतिशत रहेकोमा चालु आवको सोही अवधीमा यस्तो मुद्रास्फीति ७.५० प्रतिशतमा झरेको छ । भदौमा ८.१९ प्रतिशत रहेको वार्षिक विन्दुगत मुद्रास्फीति असोजमा केही सुधार भयो । तर उपभोक्तको दैनिकी भने महँगो नै छ । विशेष गरेर खाद्य र पेय पदार्थको महँगी भने झनै बढेको पाइएको हो । बजार नियमन नहुँदा थोकमा ११ प्रतिशतले घटेको महँगी उपभोक्तामा पुग्न नसकेको तथ्यांकले देखाएको छ ।

राष्ट्र बैंक आर्थिक अनुसन्धान विभाग प्रमुख श्रेष्ठ पनि मूल्यमा दबाब कायमै रहेको स्वीकार गर्छन् । भारतको मुद्रास्फीति ५ प्रतिशतमा आएकाले विस्तारै त्यसको प्रभाव नेपालमा पनि देखिने श्रेष्ठको विश्लेषण छ ।

थोक र उपभोक्ता मुद्रास्फीति गणना गर्दा समावेश भएको वस्तुमा धेरै अन्तर भएकाले पनि थोक मुद्रास्फीतिको वृद्धिदर कम हुँदा पनि त्यसअनुसार उपभोक्ता मुद्रास्फीति घट्न नसकेको श्रेष्ठ बताउँछन् । 'थोक मुद्रास्फीतिमा सेवा नपर्ने, तर उपभोक्ता मुद्रास्फीतिमा सेवा अन्तर्गत शिक्षा, स्वाथ्य, ट्रान्सफोटेसन पनि समावेश हुन्छ' उनले भने, 'यसले थोक मुद्रास्फीति घट्दैमा उपभोक्ता मुद्रास्फीति घट्छ भन्ने हुँदैन ।'

आन्तरिक उत्पादन हुने तरकारी लगायतका वस्तुको मूल्यमा हुने उतारचढाव, सरकारले चालु आर्थिक वर्षको बजेटमार्फत केही खाद्यान्न लगायतका वस्तुमा लगाएको भ्याटले पनि उपभोक्ता मुद्रास्फीति बढाउन भूमिका खेलेको उनले बताए । प्रभावकारी बजार अनुगमन र प्रतिस्पर्धी बजार मूल्य नहुनु पनि एउटा कारण रहेको उनी स्वीकार गर्छन् ।

**आधार ब्याजदर एकल अंकमा**

निजी क्षेत्रले कर्जाको ब्याजदर उच्च हुँदा पनि आन्तरिक आर्थिक गतिविधि कमजोर बनेको बताउँदै आएका छन् । आर्थिक वर्ष २०७८/७९ बाट बाह्य क्षेत्रमा दबाब पर्नुको साथै बैंकिङ प्रणालीमा तरलता कमी हुँदा ब्याजदर उच्च दरमा बढेको थियो । तर गत आर्थिक वर्षको माघपछि विस्तारै घट्न सुरु भएको ब्याजदर असोजसम्म आउँदा १ प्रतिशत विन्दुले झरेको छ । असोजमा वाणिज्य बैंकको औसत आधार दर एकल अंकमा झरेको छ ।

भदौमा १०.२० प्रतिशत रहेको वाणिज्य बैंकहरुको औसत आधार दर असोजमा ९.९४ प्रतिशतमा झरेको राष्ट्र बैंकले जनाएको छ । २०७९ पुस मसान्तमा १०.९१ प्रतिशतसम्म पुगेको वाणिज्य बैंकहरुको औसत आधार दर असोजमा आउँदा करिब १ प्रतिशत विन्दुले घटेको देखिनछ ।

आधार दर घट्नु भनेको बैंकहरुको कर्जाको ब्याजदर पनि घट्नु हो । किनकी राष्ट्र बैंकले कर्जाको ब्याजदरलाई आधार दरसँग आवद्धता गराएको छ । आधार दरमा लिने प्रिमियम ऋणीको र बैंकबीचको सहमतिको आधारमा तय हुन्छ । आधार ब्याजदरमा लिने प्रिमियम फिक्स हुन्छ ।जसअनुसार बैंकहरुको आधार दर घट्दा स्वत कर्जाको ब्याजदर घट्छ भने बढ्दा बढ्छ । राष्ट्र बैंकले हरेक त्रैमासको औसत आधार दरको आधारमा पछिल्लो ३ महिनाको कर्जाको ब्याजदर तय गर्नुपर्ने व्यवस्था गरेको छ । सोही कारण पुसमा आधार दर १०.९१ प्रतिशत पुग्दा माघ र फागुनमा कर्जाको भारित औसत ब्याजदर १३.०३ प्रतिशत पुग्यो । चैतदेखि घट्दै आएर असोजमा आउँदा कर्जाको भारित औसत ब्याजदर १२.११ प्रतिशतमा झरेको छ । असोजमा झरेको आधार दरको आधारमा कात्तिकदेखिको कर्जाको ब्याजदर अझै घट्नेछ ।



**फूलबारीमा पत्रकार:** हेटौंडा-६ स्थित बालकृष्ण चौलागाईंको फूलबारीमा अवलोकन गर्दै पत्रकार प्रतीक्षा न्यौपाने । मकवानपुर जिल्लामा फूलखेतीमा कृषकहरु आकर्षित हुँदै गएपनि कृत्रिम फूलको बिक्री नरोकिँदा किसानहरु मर्कामा परिरहेको गुनासो आइरहेको छ ।
*तस्वीर: सरला खनाल ।*

# तत्कालीन शिक्षा निर्देशनालय हेटौंडाका निर्देशकविरुद्ध भ्रष्टाचार मुद्दा

साझाकुरा संवाददाता

हेटौंडा, २४ कात्तिक/ तत्कालीन क्षेत्रीय शिक्षा निर्देशनालय हेटौंडाका कामु निर्देशक दिनेशकुमार श्रेष्ठसहित सात जनाविरुद्ध विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर भएको छ ।

बारास्थित श्रीराम प्राथमिक विद्यालयका तत्कालीन प्रधानाध्यापक एवं नेपाल राष्ट्रिय प्राथमिक विद्यालयका पूर्वशिक्षक योगेन्द्रप्रसाद यादवलाई बर्खास्त नगरी उल्टै निवृत्तिभरणबापत १६ लाख ९२ हजार दुई सय ६९ रुपैयाँ २५ पैसा बराबरको रकम दिलाएर सरकारी सम्पत्ति हानी नोक्सानी पुऱ्याएको आरोप उनीहरुमाथि छ ।

यस प्रकरणमा आयोगले यादव र श्रेष्ठसँगै बाराकै साबिक जिल्ला शिक्षा कार्यालय तथा हालको शिक्षा विकास तथा समन्वय इकाईका विद्यालय निरीक्षक बृजकिशोर यादव, नेपाल राष्ट्रिय प्राथमिक विद्यालयका तत्कालीन प्रधानाध्यापक धर्मेन्द्रप्रसाद यादव, सोही विद्यालयका अर्का तत्कालीन प्रधानाध्यापक चेथारुप्रसाद कुर्मी, बाराको तत्कालीन जिल्ला शिक्षा अधिकारी तुलाराम भण्डारी र तत्कालीन क्षेत्रीय शिक्षा निर्देशनालय हेटौंडाका शाखाअधिकृत बेदप्रसाद पौडेलमाथि भ्रष्टाचार मुद्दा दायर गरेको हो ।




भ्रष्टाचार आरोपमा विशेष अदालतबाट दोषी ठहर भइसकेका योगेन्द्रलाई निवृत्तिभरण बापत १६ लाख ९२ हजार दुई सय ६९ रुपैयाँ २५ पैसा दिलाउन पहिलो भूमिका कुर्मीले निर्बाह गरेको अख्तियार दुरुपयोग अनुसन्धान आयोगको अनुसन्धानबाट खुलेको छ । कुर्मीले हाजिरी किताब, बैठक पुस्तिका, तलबी भरपाईलगायत सरकारी कागजात लुकाउने तथा नष्ट गरेको थिए । त्यस्तै बृजकिशोरले योगेन्द्रलाई निलम्बनको प्रक्रिया अगाडि नबढाई उल्टै तलब निकासा गरेको आरोप आयोगको छ ।

विशेषको फैसलाबाट २०७३ वैशाख १६ मै दोषी भइसकेका योगेन्द्रको राजीनामा २०७२ जेठ ३० गतेदेखि लागुहुने गरी स्वीकृत गरेर बृजकिशोरले औषधी उपचार, बिरामी विदा तथा निवृत्तिभरण उपलब्ध गराउन भन्दै राष्ट्रिय किताबखानामा लेखेर पठाएका थिए । क्षेत्रीय शिक्षा निर्देशनालय हेटौंडाका तत्कालीन कामु निर्देशक दिनेशकुमार श्रेष्ठ र शाखा अधिकृत बेदप्रसाद पौडेलले योगेन्द्र भ्रष्टाचार मुद्दामा दोषी ठहर भएको जान्दाजान्दै उनलाई शिक्षक पदवाद बर्खास्त गर्ने सम्बन्धमा कुनै कारबाही अगाडि नबढाएको आरोप आयोगको छ ।

आयोगका प्रवक्ता भोला दाहालका अनुसार आयोगले श्रेष्ठ, तुलाराम, चेथारु, धर्मेन्द्र र बृजकिशोर विरुद्ध भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसुरको मतियारमा सोही ऐनको दफा २२ बमोजिमको मागदावी लिएको छ ।

# हेटौंडामा टीभीएसका दुई नयाँ मोडल सार्वजनिक

साझाकुरा संवाददाता

हेटौंडा, २४ कात्तिक/ भारतीय दुईपांग्रे सवारी साधन उत्पादन गर्ने कम्पनी टिभिएसको दुई नयाँ मोडल हेटौंडामा सार्वजनिक गरिएको छ । टिभिएस कम्पनीको हेटौंडाका लागि आधिकारिक बिक्रेता हेटौंडा अटो मार्टले शुक्रबार दुई मोडल सार्वजनिक गरेको हो ।

टिभिएसको नेपालका लागि आधिकारिक बिक्रेता जगदम्वा मोटर्सले टिभिएसको आरटिआर १६० फोर भि स्पेशल एडिसन मोटरसाइकल र एनटर्क १२५ सिसि ड्रम स्कुटर रातो रङमा सार्वजनिक गरेसंगै यो मोटरसाइकल र स्कुटर हेटौंडमा सार्वजनिक गरिएको हेटौंडा अटो मार्टका सञ्चालक प्रवेशराज बरुवालले बताए । कम्पनीले अपाचे आरटिआर १६० फोर भिको आरटि एफआई भर्सनको तुलनामा २२ हजार रुपैयाँ मूल्य कम गरेर नयाँ भर्सन सार्वजनिक गरेको हो । हाल नेपालमा बिक्री भइरहेको अपाचे आरटिआर १६० फोर भिको टप भेरियन्ट भन्दा सस्तो मूल्यमा यसको स्पेशल



एडिसन सार्वजनिक भएको हो ।

कम्पनीले बिक्री गर्दै आएको १६० फोर भिको आरटिएफआई मूल्य ३ लाख ९६ हजार ९०० रुपैयाँ रहेको छ भने नयाँ सार्वजनिक भएको अपाचे आरटिआर १६० फोर भिको स्पेशल एडिसनको मूल्य ३ लाख ७४ हजार ९०० रुपैयाँ रहेको छ । आरटिआर १६० फोर भिको स्पेशल एडिसन विभिन्न सेग्मेन्ट फ्रष्ट फिचर रहेको छ । यो सेग्मेन्टमा नै पहिलो पटक तीन राइडिङ मोड तथा एड्जष्टेवल ह्यान्ड ब्रेक लिभर र क्लच लिभर पाउन सकिन्छ । बाटो र मौसम अनुसार अर्बान, स्पोर्ट र रेन मोड ड्राइभिङ मोडमा चलाउन सकिन्छ । अपाचे आरटिआर १६० फोर भि आफ्नो सेग्मेन्टको सर्वाधिक पावर फुल मोटरसाइकल हो । यसमा १५९ सिसि, सिंगल सिलिन्डर, आयल कुल्ड आरटि एफआई इन्जिन छ ।

त्यस्तै राम्रो माइलेज दिने एनटर्क १२५ सिसि ड्रम स्कुटरमा स्मार्ट कनेक्ट र ब्लुटुथ कनेक्टिभिटी उपलब्ध छ । टिभिएस एनटर्क ड्रममा ९.४ पिएस पावर सहितको १२५ सिसि इन्जिन रहेको छ । यसको स्मार्ट कनेक्टले नेभिगेसन, पार्क गर्दाको स्कूटरको लोकेसन थाहा पाउन सजिलो बनाएको छ । 'टी' आकारको रियर ल्याम्पले यस स्कुटरलाई सजिलै चिन्न सकिने बनाउनुका साथै थप सुरक्षाका लागि उत्कृष्ट भिजिबिलिटि पनि रहेको कम्पनीले जनाएकोछ ।

यसमा १२ इन्चका ठुलो टायरका साथै ब्याटविङ-स्टाइलको डेटाइम लाइटले स्कुटरलाई फरक बनाउनुका साथै भिजिबिलिटि बढाउँछ जसले दिनको समयमा पनि सुरक्षित वाइड प्रोत्साहन गर्छ । टिभिएस एनटर्क ड्रम रेड सकुटरको मूल्य २ लाख ३५ हजार ९०० रुपैयाँ रहेको छ ।

# रुकुमका भुकम्पपीडितलाई मकवानपुरको सहयोग

हेटौंडा, २३ कात्तिक/ हेटौंडाका ब्यवसायीहरुले रुकुम पश्चिमका भुकम्पपीडितका लागि राहत सामग्री बिहीबार मुसिकोटमा सहयोग हस्तान्तरण गरेका छन् । मुसिकोटस्थित जिल्ला बिपत ब्यवास्थापन समितिलाई राहत सामग्री हस्ताणतरण गरिएको हो ।

नारायणी यातायात ब्यवसायी संघका महासचिव सरोजकुमार खनालले रुकुमका सहायक प्रमुख जिल्ला अधिकारी रिमबहादुर खड्कालाई हस्तान्तरण गरेका हुन् । हेटौंडा-११ थानाभन्याङस्थित धर्मकाँटा ब्यवस्थापन समितिको तर्फबाट १० लाख रुपैयाँ बराबरको र मकवानपुर उद्योग वाणिज्य संघ, नारायणी यातायात ब्यवसायी संघलगायत १९ वटा ब्यावसायिक संस्थाको संयुक्त पहलमा राहत सामग्री संकलन गरिएको थियो ।

धर्मकाँटा ब्यवस्थापन समितिले ब्ल्याङ्केट डवल बेडको पाँच सय थान, त्रिपाल ७५ थान, चिउरा २० केजीको ५० बोरा सहयोग गरिएको समितिका सदस्यसचिव गंगाकुमारी चौलागाईले जानकारी दिइन् । सहयोग सामग्री नारायणी यातायात ब्यवसायी संघ मार्फत् हस्तान्तरण गरिएको हो । संघका महासचिव खनालको नेतृत्वमा गत २१ गते मंगलबार सहयोग सामग्री हेटौंडाबाट रुकुमतर्फ पठाइएको थियो ।

मउवासंघले पनि कपडा तथा तयारी पोशाक ब्यवसायी संघलगायतको सहकार्यमा त्रिपाल ७५ थान, कुर्तासुरुवाल सय थान, डसना १०० थान सहयोग उपलब्ध गराएको संघका अध्यक्ष कृष्णकुमार गुप्ता अग्रवालले जानकारी दिएका छन् । संघका सल्लाहकार एवम् नारायणी यातायात ब्यवसायी संघका महासचिव खनाल, संघका कार्यसमिति सदस्य नेत्रप्रसाद खतिवडामार्फत् सहयोग सामग्री हस्तान्तरण गरिएको अध्यक्ष अग्रवालले बताए ।

# भूकम्प पीडित मृतक परिवारलाई तत्काल २ लाख दिने

वीरेन्द्रनगर/ जाजरकोटको बारेकोट गाउँपालिका- १ रामीडाँडालाई केन्द्रबिन्दु बनाई गएको भूकम्पका कारण ज्यान गुमाएका परिवारलाई कर्णाली सरकारले २ लाख रुपैयाँ दिने भएको छ ।

शुक्रबार बसेको मन्त्रिपरिषद् बैठकले भूकम्पमा ज्यान गुमाएकाका परिवारलाई तत्काल राहत दिने निर्णय गरेको हो । प्रतिमृतक २ लाखका दरले रकम उपलब्ध गराउने निर्णय भएको प्रदेश सरकारका प्रवक्तासमेत रहेका आन्तरिक मामिला तथा कानुनमन्त्री कृष्णबहादुर जिसीले बताए ।

भूकम्पका कारण जाजरकोट र रुकुम पश्चिममा शुक्रबार सम्म १५४ जनाको मृत्यु भएको छ ।

# यातायात व्यवसायी सहकारीको दशौं साधारणसभा

साझाकुरा संवाददाता

हेटौडा-२४/ यातायात व्यवसायीहरुद्वारा संचालित यातायात व्यवसायी बचत तथा ऋण सहकारी संस्थाको दशौ साधारणसभा सम्पन्न भएको छ ।

बिहिबार नारायणी यातायात व्यवसायी संघका सचिब तथा सहकारीका अध्यक्ष गुणराज घिमिरेको अध्यक्षतामा हेटौडा-१०, स्थित आफ्नै कार्यालयमा भएको कार्यक्रममा नेपाल ट्रक ट्यांकर व्यवसायी महासंघका केन्द्रिय अध्यक्ष हिरालाल श्रेष्ठको प्रमुख आतिथ्यता रहेको थियो । सहकारीको शेयर पूँजी गत वर्ष ४८ लाख ४३ हजार भएकोमा यसवर्ष ४८ लाख ८२ हजार पुगेको छ ।

गत आ.ब २०७९/२०८० मा बचत तथा निक्षेप दायित्व ५ करोड ३५ लाख ३ हजार बाट घटी यसवर्ष ४ करोड २० लाख ४ हजार रहेको छ । अध्यक्ष घिमिरेले यातायात क्षेत्रमा छरिएर रहेका व्यवसायीहरुलाई आबद्द




गराउने उद्देश्यले व्यवसायीहरुबाट दशवर्ष अगाडि स्थापना भएको यो संस्था अहिलेको अवस्थामा आइपुगेकोमा खुशी ब्यक्त गर्दै शेयर धनीहरुलाई सरल कर्जा उपलब्ध गराउँदै व्यवसायीको आर्थिक पक्ष सबल बनाउने लक्ष लिएको बताए । संस्थाले यसवर्ष प्रभावकारीरुपमा उल्लेख्य शेयर सदस्य थपिने निर्णय भएको बताइएको छ ।

प्रमुख अतिथि हिरालाल श्रेष्ठले व्यवसायीहरुबाट व्यवसायी कै हितका लागि स्थापना गरिएको यस्ता सहकारीले गर्दा यो क्षेत्रमा लागेका व्यवसायीलाई राहत मिलेको बताए । बैंकिंग क्षेत्रमा कारोबार गर्दा पछि ब्याज बढ्ने गरेकोले व्यवसायी मर्कामा परेको बताउदै यस्ता सहकारीले गर्दा धेरै नै सहजिकरण अनुभब भएको बताए । संस्थाका सचिव बिश्वराज राइले संचालन गरेको कार्यक्रममा नारायणी यातायात व्यवसायी संघका पूर्वअध्यक्ष बद्रि चौलागाईलगायत बिभिन्न यातायात क्षेत्रका व्यक्तित्वहरु र संचारकर्मीको उपस्थिति रहेको थियो ।

# कृष्ण आदर्श बोर्डिङ्गमा देउसीभैलो कार्यक्रम

साझाकुरा संवाददाता

हेटौंडा, २४ कात्तिक/ हेटौंडा उपमहानगरपालिका-९ लामसुरेमा रहेको कृष्ण आदर्श इङ्लिस बोर्डिङ स्कुलमा अध्ययनरत बालबालिकाले देउसीभैलोका साथ विविध सांस्कृतिक कार्यक्रम गरेका छन् ।

विद्यार्थीलाई तिहारको सांस्कृतिक महत्वका बारेमा ज्ञानप्रदान गर्नुका साथै शैक्षिक भ्रमणको लागि आर्थिक सहयोगार्थ विद्यार्थीले विद्यालयमा देउसीभैलोका साथ सांस्कृतिक कार्यक्रम गरेका हुन् । कार्यक्रमकाबीच देउसीभैलो, तिहार र अन्य गीतमा नृत्य प्रस्तुति, भाइटीका लगाउने कार्यक्रम गरिएको थियो ।



माथिल्लो कक्षाका विद्यार्थीको शैक्षिक भ्रमण सहयोगार्थ चिठ्ठा उपहार कार्यक्रमको समेत आयोजना गरिएको थियो । कार्यक्रममा विद्यालय सञ्चालक समितिका अध्यक्ष एवम् प्याब्सन मकवानपुरका सचिव नवीन केसी, सामुदायिक प्रहरी सेवाकेन्द्र पशुपतिनगरका प्रमुख राम विष्ट, तेक्वान्दो संघ मकवानपुर अध्यक्ष मदन श्रेष्ठलगायतको आतिथ्यता रहेको थियो ।

# एमाले मकवानपुरद्वारा चाडपर्वको अवसरमा शुभकामना आदानप्रदान



हेटौंडा/ नेकपा एमाले मकवानपुरले शुक्रबार हेटौंडामा शुभकामना आदानप्रदान तथा चियापान कार्यक्रमको आयोजना गरेको छ ।

विजयादशमी, शुभ-दीपावली तथा छठ पर्वको अवसरमा आयोजित शुभकामना आदानप्रदान तथा चियापान कार्यक्रममा नेकपा एमालेका केन्द्रीय सदस्य तथा मकवानपुरका इञ्चार्ज देवी ज्ञवालीको प्रमुख अतिथ्यता थियो । ज्ञवालीले बितेका र आउँदै गरेका चार्डपर्वका अवसरमा शुभकामना व्यक्त गरे । नेकपा एमाले मकवानपुर अध्यक्ष एकालाल श्रेष्ठको सभाध्यक्षतामा भएको कार्यक्रममा एमाले प्रतिनिधिसभा सचेतक तथा मकवानपुरका सांसद् महेशकुमार बर्तौला, एमाले बागमती प्रदेश संसदीय दलका नेता जगन्नाथ थपलिया, बागमतीका पूर्वमुख्यमन्त्री डोरमणि पौडेलको सहभागिता थियो । त्यस्तै एमाले केन्द्रीय सदस्य केदार न्यौपाने, रामेश्वर राना, केन्द्रीय सदस्य तथा एमाले बागमती प्रदेशसभाका सदस्य भारती पाठक, राष्ट्रियसभा सदस्य रामचन्द्र राई, सामाजिक विकास मन्त्री कुमारी मोक्तान, प्रदेशसभाका सदस्य प्रेमबहादुर पुलामी, एमाले नेता अनन्त पौडेल, हेटौंडा उपमहानगरपालिकाका मेयर मीनाकुमारी लामा, नेपाली कांग्रेस मकवानपुरका सभापति बुद्ध लामा, रास्वपाका जिल्ला संयोजक भरत पराजुलीलगायतको आतिथ्यता थियो ।


जय शिव शम्भो

**धार्मिक यात्रामा जाने हो ?**



मथुरा, वृन्दावनको लागि
२०८० मंसिर १४ गते
रिजर्भ बस खुल्दैछ

*(दर्शनीय स्थानहरु: राम जन्मभूमि अयोध्या, नैमिसारण्य, मथुरा, वृन्दावन, गोकुल, गोवर्धन, नन्दगाउँ, वर्सानाहुँदै ८ देखि ९ दिनमा नेपाल आइपुगिनेछ ।)*

भाडा प्रतियात्रु ने.रु. १६,०००।- लाग्नेछ ।
(विहान बेलुकाको खानासहित)

*(नोट: रिक्सा, टाँगा, धर्मशाला अन्य खर्च यात्रु स्वयम्ले व्यहोर्नु पर्नेछ ।)*

**सम्पर्क:**
गोपाल थापा
हेटौंडा बसपार्क
९८४५२९७६८१


# राक्सिराङ आयुर्वेद औषधालय भवनको शिलान्यास

साझाकुरा संवाददाता

हेटौंडा, २४ कात्तिक/ राक्सिराङ गाउँपालिकामा आयुर्बेद औषधालय भवन बन्ने भएको छ । वन जंगलमा पाइने जडीबुटीको प्राचीन वैदिक चिकित्सापद्धति आयुर्वेदका प्रवर्तक धन्वन्तरीको जन्मजयन्तिको अबसरमा गाउँपालिकाको ५ नम्बर वडा ठाड्ेचुरीमा शुक्रबार आयुर्बेद औषधालय भवनको शिलान्यास गरिएको हो ।

औषधालय भवनको शिलान्यास गर्दै गाउँपालिका अध्यक्ष राजकुमार मल्लले पालिकाभित्रका विभिन्न जडिबुटीको संरक्षण गर्न हामी सबैको महत्वपूर्ण भूमिका रहेको बताए । हाम्रै गाउँठाउँ र जंगलमा पाइने जडिबुटीबाट बन्ने औषधिले कुनै शारीरिक असर नपर्ने भएकोले पछिल्लो समयमा आममानिसमा आयुर्वेदिक उपचारतर्फ आकर्षण बढ्दै गएको समेत बताए ।

गाउँपालिकाको चालु आर्थिक बर्ष २०८०/८१ मा विनियोजित २०



लाख बजेटमार्फत ५ कोठे भवनको लागि स्थानीय ८६ बर्षीय बयोबृद्ध रामबहादुर प्रजाले २ कठ्ठा १० घुर जग्गा दान गरेपछि भवन निर्माणको लागि बाटो खुलेको आयुर्बेद शाखाप्रमुख रामबचन शाहले जानकारी दिए । जग्गा दान दिने प्रजालाई गाउँपालिका अध्यक्ष मल्लले ढाकाटोपी, देसल्ला ओढाई सम्मान गरेका थिए ।

शिलान्यास कार्यक्रममा ४० जना सेवाग्राहीको स्वास्थ्यपरीक्षण गरी आयुर्वेदिक औषधि वितरण गरिएको आयुर्बेद शाखाप्रमुख शाहले जानकारी दिए । शिलान्यास कार्यक्रममा गाउँपालिका अध्यक्ष मल्ल सहित उपाध्यक्ष बनस्तम थिङ, प्रमुख प्रशासकीय अधिकृत देबचन्द्र गर्तौला, वडा नम्बर ३ का अध्यक्ष उत्तम वाइबा, ५ नम्बर वडाअध्यक्ष हरिबहादुर प्रजा, ७ का अध्यक्ष रामबहादुर प्रजा, ८ का अध्यक्ष युसाई प्रजा र ९ का अध्यक्ष राजकुमार बलपा थिङ, कार्यपालिका सदस्य, कर्मचारीहरु लगायतको सहभागिता रहेको थियो ।

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना